नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(.................अनुमतिपत्र महाशाखा.........)

फोन नं. ४४११०७४, ४४११५३७, ४४११७६८, ४४१९५०१, ४४४५७७५, ४४३४११९, ४४३९३६२
फ्याक्स ४४४३९०३
पोष्ट बक्स नं. २५०७
सानोगौचरण
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७५/७६
चलानी: १२२६

मिति: २०७५/१२/१०

विषयः- <u>न्यादी फिदी जलविद्युत आयोजना (२१,४०० कि.वा.) को विद्युत उत्पादनको अनुमतिपत्र बारे</u> ।

श्री नर्थ समिट हाइड्रो प्रा. लि.
अनामनगर, काठमाण्डौ ।
पो.ब.नं. २०६०, काठमाडौं ।
फोन नं.: ०१-४२१९१४३, ९८४१५१५२२३
इमेल : n.s.hydro2016@gmail.com

प्रस्तुत विषयमा त्यस प्रा.लि.ले <u>न्यादी फिदी जलविद्युत आयोजना (२१,४०० कि.वा.)</u>को विद्युत उत्पादनको अनुमतिपत्र पाउन मिति २०७५/११/०१ मा दिएको दरखास्त अनुसार विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा २ र विद्युत नियमावली, २०५० को नियम १७ बमोजिम नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभाग (महानिर्देशकस्तर) को मिति २०७५/११/२७ को निर्णयानुसार मिति २११०/११/२६ सम्म बहाल रहने गरी जारी भएको २१,४०० किलोवाट क्षमताको विद्युत उत्पादनको अनुमतिपत्र संख्या **वि.वि.वि. ०७५/७६ वि.उ. २५२** यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

**संलग्न: विद्युत उत्पादनको अनुमतिपत्र संख्या वि.वि.वि. ०७५/७६ वि.उ. २५२ ।**

(सकृय न्यौपाने)
इन्जिनियर

बोधार्थ:
श्री ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरवार ।
श्री विद्युत विकास विभाग ।
- आयोजना अध्ययन महाशाखा ।
- निरीक्षण महाशाखा ।
- योजना महाशाखा।
- आर्थिक प्रशासन शाखा : *मिति २०७५/०३/२१ मा आ.र.नं. ६०११, ने.रा.बै. ध.भौ.नं. ०८१४१७ बाट अनुमतिपत्र दस्तुर बापत रू १०,००,०००।०० अक्षेरूपी रू दश लाख मात्र राजश्व खातामा जम्मा हुन ।*

श्री जिल्ला जलश्रोत समिति, लमजुङ्ग (मार्फत जिल्ला समन्वय समिति, लमजुङ्ग) ।

नेपाल सरकार

# उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## विद्युत विकास विभाग

## विद्युत उत्पादनको अनुमतिपत्र

(न्यादी फिदी जलविद्युत आयोजना (२१.४ मे.वा.))

अनुमतिपत्र संख्या: वि.वि.वि. ०७५।७६ वि.उ. २५२

श्री नर्थ समिट हाइड्रो प्रा. लि.
अनामनगर, काठमाण्डौ ।

महाशय,

विद्युत उत्पादनको लागि अनुमतिपत्र पाउन मिति : २०७५/११/०१ मा दिनु भएको दरखास्त अनुसार देहायका विवरणहरु खोली विद्युत ऐन, २०४९ को दफा (४) को उपदफा २ र विद्युत नियमावली, २०५० को नियम १७ बमोजिम देहायका शर्तहरु सहित यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. **अनुमतिपत्र पाउने व्यक्ति वा संगठित संस्थाको पूरा नाम र ठेगाना :**
श्री नर्थ समिट हाइड्रो प्रा. लि.
अनामनगर, काठमाण्डौ ।
पो.ब.नं. २०६०, काठमाडौं ।
फोन नं.: ०१-४२१९१४३, ९८४१५१५२२३
इमेल : n.s.hydro2016@gmail.com

२. **विद्युत परियोजनाको नाम** : **न्यादी फिदी जलविद्युत आयोजना (ROR Type).**
जडित क्षमता : २१.४ मेगावाट ।
सरदर वार्षिक उत्पादन : १२७.९४७ गिगावाट घण्टा विद्युत उर्जा ।

३. विद्युत शक्ति उत्पादन गर्ने साधन : जलस्रोत ।

४. जलस्रोत उपयोग गरिने भए :
(क) नदीको नाम : न्यादी र फिदी खोला ।
(ख) जलस्रोत उपयोग गर्न पाइने क्षेत्र
(अ) प्रदेश : गण्डकी ।
(आ) जिल्ला : लमजुङ ।
(इ) गा.पा /न.पा : मर्स्याङदी गाउँपालिका (साविकको वाहुनडाँडा र भुलभुले गा.वि.स.हरु
(ई) पूर्व : ८४° ३१' ४३" पूर्वी देशान्तर ।
पश्चिम : ८४°३०' १०" पूर्वी देशान्तर ।
उत्तर : २८°२६' १२" उत्तरी अक्षांश ।
दक्षिण : २८°२४' २७" उत्तरी अक्षांश ।
(ग) **प्रयोग गरिने जलस्रोतको परिमाण :** डिजाईन डिस्चार्ज(Design Discharge) ३.६ घनमीटर प्रति सेकेण्ड ।

५. **मुख्य मुख्य संरचनाहरुको विवरण र रहने स्थान :**
आयोजनाका मुख्य संरचनाहरु न्यादी खोलाको बायाँ र फिदी खोलाको दायाँ किनारमा पर्दछन् ।

क) **बाँध र ईन्टेक(Weir and Intake):**

विद्युत उत्पादनका लागि न्यादी खोलामा पानी फर्काउन समुद्री सतहदेखि २९४८.९० मी. मा Crest Level हुने गरी करिब २०.० मी लम्बाई र ३.३ मी उचाई भएको बाँध बनाइनेछ । नदीको बायाँ किनारमा १.८ मी चौडाई तथा १.५ मी उचाई भएको दुईवटा Side Intake हुनेछ । सो Intake बाट पानीलाई ७ मी लम्बाई, ४ मी चौडाई र २.५ मी उचाई भएको Gravel Trap हुँदै १०४मी लामो, १.५मी चौडाई तथा १.७मी उचाईको Approach Canal मार्फत Settling Basin मा लगिनेछ ।

त्यस्तै फिदी खोलामा पानी फर्काउन समुद्री सतहदेखि ३०१४ मी. मा Crest Level हुने गरी करिब १५.० मी लम्बाई र ३ मी उचाई भएको बाँध बनाइनेछ । नदीको दायाँ किनारमा १.२ मी चौडाई तथा १ मी उचाई भएको एउटा Side Intake हुनेछ । सो Intake बाट पानीलाई ३७.५२ मी लम्बाई, १.२ मी चौडाई र १ मी उचाई भएको Approach Canal मार्फत Head Pond मा लगिनेछ ।

ख) **बालुवा थिग्र्याउने पोखरी (Settling Basin):**

न्यादी खोलाबाट Approach Canal मार्फत आएको पानीलाई Settling basin मा पुर्याइने छ जसको आकार ३२ मी x ६ मी x ३मी. को हुनेछ । त्यसमा दुई वटा basin रहनेछन तथा Settling basin सतही हुनेछ ।

त्यसै गरी फिदी खोलामा १० मी. लम्बाईको Settling basin र १३ मी लम्बाई ४ मी चौडाई र १.२ मी उचाई भएको हेडपण्ड रहनेछ ।

ग) **हेडरेस टनेल ( Headrace Tunnel), Intake Pond, Headrace Pipe र Surge Tank :**
न्यादी खोलाको पानीमा भएको सिल्ट (silt) थिग्राइएको पानी २२८२ मीं.लामो र २ मी चौडाई र २.२ मी. उचाई भएको हेडरेस टनेल मार्फत ६.०मी व्यास भएको तथा १४मी उचाई भएको Surge Tank मा पुऱ्याइनेछ । त्यस्तै फिदि खोलामा भएको Head Pond मार्फत ०.६५ मी ब्यास र ११६८ मी लम्बाई भएको Steel Pipe द्वारा सतही Surge Tank मा फिदी खोलाको पानी पुऱ्याइनेछ ।

घ) **Penstock र विद्युतगृह (Powerhouse):**
Surge Tank हुदै १.२ मी व्यास भएको तथा १४३८मी लम्बाईको Pressusre Shaft एवं १.२ मी व्यास, १४३३.०७ मीटर लम्बाई भएको Penstock Pipe मार्फत २८.८५मी लम्बाई , १९.५ मी चौडाई तथा १४.६५ मी उचाई भएको अर्ध भुमिगत विद्युत गृहमा लगिनेछ । विद्युत गृहमा रहेका दुईवटा होरिजोन्टल पेल्टन टरवाइन ( १०.७ मे.वा. क्षमताको दुई ओटा) र १२.६ एम.भि.ए. का २ वटा Generator बाट २१.४ मे.वा. विद्युत उत्पादन गरिनेछ । Turbine axis level समुद्री सतहबाट २२४९.९४ मी. मा रहनेछ । विद्युत उत्पादनको लागि ग्रस हेड २९५.६६ मी. रहने छ ।

ङ) **टेलरेस नहर (Tailrace Canal):**
विद्युत उत्पादन पछि निस्केको पानीलाई ५४ मी लम्बाई, २.१मी चौड़ाई तथा २.१ मी उचाई भएको Tailrace canal द्वारा पुन: न्यादी खोलामा पानी छोडिनेछ ।

च) **प्रसारण लाईन (Transmision Line):**
यस आयोजनाबाट उत्पादित विद्युतलाई विद्युतगृह देखि १९ कि.मी पर तारिकुनामा रहेको १३२ के भी सवस्टेशन हुँदै राष्ट्रिय प्रशारण लाइनमा विद्युत प्रसारित गरिने छ ।

६. **अनुमतिपत्र बहाल रहने अवधि :**

मिति २०७५/११/२७ देखि २११०/११/२६ सम्म

७. **अन्य शर्तहरु :**

(क) निम्न कागजातहरु तथा सोमा हुने संशोधन समेत यस अनुमतिपत्रको अभिन्न अङ्गको रुपमा रहनेछन् ।

(अ) Detailed Feasibility Study Report, July 2018 and Design Drawings

(आ) नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय (सचिवस्तर) को मिति २०७४।१२।३० को निर्णयानुसार स्वीकृत न्यादी फिदी जलविद्युत आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, मार्च, २०१८ तथा (विद्युत विकास विभागको मिति २०७५।०१।०७ को पत्र संख्या ०७४/०७५ (वातावरण), च.नं. २३८७ को पत्रमा उल्लेख भएका शर्तहरू) ।

(ख) आयोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन तथा सोको लागि आवश्यक पर्ने फिल्ड अन्वेषणको कार्य, सुरक्षात्मक व्यवस्था सम्बन्धी जिम्मेवारी तथा वातावरणीय प्रभाव न्यूनीकरण सम्बन्धी सम्पुर्ण उत्तरदायित्वहरू त्यस संस्थामा रहनेछ ।

(ग) आयोजनाको विद्युत उत्पादन क्षमतामा असर नपर्ने गरी माथि (क) (अ) मा उल्लेखित प्रतिवेदन तथा प्रकरण (५) मा उल्लेखित मुख्य संरचनाहरूको डिजाइनमा बृहत वा उल्लेखनीय परिवर्तन गर्नुपरेमा वा संरचना नै थपघट गर्नुपरेमा सोको पूर्व स्वीकृती लिनुपर्नेछ । तर परियोजनाको निर्माणस्थलमा वातावरणीय वा अन्य प्रतिकूल असर नपर्ने गरी डिजाइनमा सामान्य हेरफेर वा परिवर्तन गर्नुपरेमा तत्सम्बन्धी जानकारी विद्युत विकास विभागलाई ३ महिना भित्रमा दिई गर्न सकिनेछ ।

(घ) त्यस संस्थालाई प्रदान भएको यस अनुमतिपत्रको प्रकरण ४ मा उल्लेख भएको क्षेत्रभन्दा बाहिर नजाने गरी आयोजनाको संरचनाहरू (जलाशयवाट सिर्जना हुने Back Water, Tail Water लगायत) निर्माण गर्नुपर्नेछ ।

(ङ) अनुमतिपत्र जारी भएको १ (एक) बर्ष भित्र विद्युत नियमावली, २०५० को नियम २१मा तोकिए बमोजिमको समयावधि भित्र भौतिक रूपमा निर्माण कार्य शुरू गर्नुपर्नेछ र निर्माण कार्य सम्पन्न नभएसम्म प्रत्येक ६ महिनामा कार्य प्रगति विवरण विद्युत विकास विभागलाई दिनुपर्नेछ । दुई वर्षभित्र वित्तीय व्यवस्था (Financial Closure) नभएमा अनुमतिपत्र रद्द गर्न सकिनेछ । उक्त अबधि भित्र वित्तीय व्यवस्था सम्पन्न हुननसकेमा आवश्यकता एवं औचित्यका आधारमा बढिमा एक वर्षमात्र म्याद थप गर्न सकिनेछ । उक्त अबधिमा पनि वित्तीय व्यवस्था सम्पन्न हुननसकेमा यो अनुमतिपत्र स्वत: रद्ध हुनेछ।

(च) आयोजना निर्माण तथा सञ्चालन सम्भार अवधिभर वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपार्नका लागि वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ र वातावरण सम्बन्धी अन्य प्रचलित कानुनहरू पालना गर्नुपर्नेछ।

(छ) नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय (सचिवस्तर) को मिति २०७४।१२।३० को निर्णयानुसार स्वीकृत सुपर हेवा खोला जलविद्युत आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेखित वातावरणीय प्रभाव न्यूनीकरण (Mitigation), व्यवस्थापन तथा अनुगमन, योजनामा उल्लेखित प्रावधानहरूको अधीनमा रही न्यूनीकरण तथा अनुगमनका कार्यहरू अनिवार्य रूपले कार्यान्वयन गर्नु गराउनु पर्नेछ । न्यूनीकरण तथा अनुगमन योजनामा संशोधन गर्नु परेमा विद्युत विकास विभाग तथा त्यस संस्थाको आपसी सहमतिमा गर्न सकिनेछ ।

(ज) यस अनुमतिपत्रको अवधिभर IEE प्रतिवेदनमा उल्लेख भए बमोजिम (न्यादी खोला ०.१ घनमीटर प्रति सेकेण्ड र फिदि खोलाबाट ०.०३ घनमिटर प्रति सेकेण्ड गरी जम्मा ०.१३ घनमीटर प्रति सेकेण्ड) जलचरको संरक्षणको लागि सुख्खा मौसमको खोलाको बहावको पानी अविच्छिन्न रूपमा छाड्ने दायित्व त्यस संस्थाको हुनेछ र सोको अनुगमन विद्युत विकास विभागद्वारा गरीनेछ । साथै, सो प्रतिवेदनमा उल्लेख भए अनुसार बांध भन्दा

तल्लो तटीय क्षेत्रमा पानी खोलामा छाड्न र माछाको आवत जावतको लागि सोही प्रतिवेदनमा तोकिए बमोजिम संरचना निर्माण गर्नु पर्ने दायित्व त्यस संस्थाको हुनेछ ।

(झ) आयोजनाको निर्माण, सञ्चालन तथा सम्भारका लागि संस्थाले आयात गर्ने निर्माण उपकरण, मेशिनरी, औजार तथा सोको लागि आवश्यक पार्टपुर्जामा विद्युत ऐन, २०४९ तथा अन्य प्रचलित कानुन बमोजिमको सुविधा संस्थालाई उपलब्ध हुनेछ । अस्थाई निर्माण उपकरण, मेशिनरी औजार तथा सोको लागि आवश्यक पार्टपुर्जाहरू प्रचलित कानून बमोजिम त्यस संस्थाले आयात गर्न सक्नेछ ।

(ञ) विद्युत ऐन, २०४९; विद्युत नियमावली, २०५० तथा अन्य प्रचलित ऐन नियमहरूको अधीनमा रही आयोजना कार्यान्वयन तथा सञ्चालन/सम्भारको लागि आवश्यक पर्ने विविध स्थानीय अनुमतिपत्र तथा स्वीकृतिहरू, संचार सुविधा, विष्फोटक पदार्थ, पेट्रोलियम पदार्थ (ईन्धन), जग्गा खरीद, पानी, सडक निर्माण, शैक्षिक, स्वास्थ्य सुविधा, हेलिप्याड निर्माण लगायतका कार्यहरू गर्न तथा विदेशबाट आउने सामानहरू आयात गर्नका लागि त्यस संस्थाले अनुरोध गरेमा विद्युत विकास विभागले कम्पनीलाई आवश्यक सहयोग गर्नेछ ।

(ट) विदेशी मुद्रा लगानी भएको अवस्थामा विद्युत ऐन, २०४९ तथा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ वमोजिम विदेशी विनिमयको सुविधा कम्पनीलाई उपलब्ध हुनेछ र यस्तो विदेशी लगानीका सम्बन्धमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ बमोजिम आवश्यक स्वीकृतिहरू लिनुपर्नेछ ।

(ठ) आयोजनाको निर्माण तथा सञ्चालन/सम्भारको सम्पूर्ण जिम्मेवारी त्यस संस्थामा रहनेछ र अनुमतिपत्रको अवधि समाप्त भएपछि विद्युत ऐन, २०४९ मा भएको व्यवस्था र सोमा समय समयमा हुने संशोधन अनुसार आयोजना चालु हालतमा नि:शुल्क नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्नेछ । हस्तान्तरण सम्बन्धी विधि र प्रक्रिया समय समयमा नेपाल सरकारले निर्देशन गरे बमोजिम हुनेछ र आयोजना हस्तान्तरण गर्दा आयोजनाको निर्माण तथा सञ्चालनको लागि खरिद गरिएको जग्गाजमिन लगायत सम्पूर्ण संरचना समेत नेपाल सरकारलाई नि:शुल्क हस्तान्तरण गर्नुपर्नेछ ।

(ड) आयोजनाको निर्माण तथा सञ्चालन/सम्भारमा त्यस संस्थाले प्रचलित श्रम ऐन तथा श्रम नियमावलीको अधीनमा रहीसम्भव भएसम्म बढी स्थानीय सीप, श्रम, वास्तुकला, स्थानीय संस्था, विशेषज्ञ, ठेकेदार तथा निर्माण सामग्री आदिको प्रयोग गर्नुपर्नेछ ।

(ढ) आयोजनाको निर्माण तथा सञ्चालन/सम्भार अवधिभर यस किसिमको आयोजनाको लागि उपयुक्त स्तरको बीमाहरू गर्नुपर्नेछ । त्यस संस्थाले आयोजनाको बीमालेखका प्रतिलिपिहरू विद्युत विकास विभागमा पेश गर्नुपर्नेछ ।

(ण) आयोजनाको निर्माण तथा सञ्चालन/सम्भारका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री, मेशिनरी, औजार उपकरण तथा तिनका पार्टपुर्जा ढुवानी गर्ने सम्पूर्ण जिम्मेवारी कम्पनीको हुनेछ ।

(त) आयकर तथा अन्य सुविधाहरू प्रचलित कानुन बमोजिम हुनेछन् ।

(थ) त्यस संस्थाले नेपाल सरकारलाई प्रचलित ऐन बमोजिमको रोयल्टी देहाय अनुसार बुझाउनु पर्नेछ ।

अ) **जडित किलोवाट वापत** : पहिलो टर्वाइन जेनेरेटर युनिट व्यापारिक सञ्चालनमा आएको मितिले १५ (पन्ध्र) दिनभित्र तत्पश्चात् प्रत्येक वर्ष सोही समयमा ।

आ) **ऊर्जा वापत** : पहिलो टर्वाइन जेनेरेटर युनिट व्यापारिक सञ्चालनमा आएको ४ (चार) महिनामा प्रथम पटक र त्यसपछि ४/४ महिनामा (फल्गुण, चैत्र, वैशाख जेष्ठ को आषाढ १५ गते भित्र, आषाढ, श्रावण, भदौ, असोजको कार्तिक १५ गते भित्र, र कार्तिक, मंसिर, पौष, माघको फाल्गुण १५ गते भित्र) ।

(द) आयोजनाको क्षमता र क्षेत्र संशोधन (निर्माणको चरणमा) गरिने भएमा वा सुदृढीकरण गरिनुपर्ने भएमा विद्युत ऐन, २०४९ तथा विद्युत नियमावली, २०५० एवं प्रचलित अनुमतिपत्र सम्बन्धि निर्देशिका बमोजिम स्वीकृतिको लागि दरखास्त दिनुपर्नेछ र आयोजना सञ्चालनमा नआउने भएमा सोको जानकारी विद्युत विकास विभागलाई दिनुपर्नेछ ।

(ध) त्यस संस्थाको स्वामित्वको संरचनामा कुनै किसिमको हेरफेर वा परिवर्तन गर्नुपरेमा सोको पूर्व स्वीकृति विद्युत विकास विभागबाट लिनुपर्नेछ ।

(न) यस आयोजनाको माथिल्लो एवं तल्लो तटमा (Upstream/Downstream)प्रस्तावित, निर्माणाधीन वा सञ्चालनमा रहेको जलविद्युत आयोजनाहरूलाई भौतिक रूपले असर नपर्ने एवं ती आयोजनाहरूसंग समन्वय गर्ने गरी निर्माण कार्य गर्नुपर्नेछ ।

(प) आयोजनाको Testing and Commissioning गर्दा विद्युत विकास विभागको प्रतिनिधि समेतको रोहवरमा गराउनु पर्नेछ ।

(फ) आयोजनाको व्यापारिक उत्पादन भएको ३ महिनाभित्र आयोजनाको प्राविधिक तथा आर्थिक पक्ष समेटिएको १/१ प्रति Hard Copyर १ प्रति Soft Copy(CD) मा कार्य सम्पन्न प्रतिवेदन (Project Completion Report), आयोजना निर्माण चरणहरूको तस्बिर तथा भिडियोहरूतथा निर्माण भए बमोजिमका नक्शाहरू (As-built Drawings) विद्युत विकास विभागमा पेश गर्नुपर्नेछ ।

(ब) यस अनुमतिपत्रमा उल्लेखित शर्तहरूमा थपघट वा कुनै संशोधन गर्नुपरेमा प्रचलित कानुनको अधीनमा रही आवश्यकता एवं औचित्यताका आधारमा विद्युत विकास विभाग र त्यस संस्थाको आपसी सहमतिमा गर्न सकिनेछ ।

(भ) विद्युत उत्पादन अनुमतिपत्रको अवधि भर कुनै कार्यको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा सम्बन्धित व्यक्तिलाई पूर्व-सुचना दिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिनेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी-नोक्सानी हुन गएमा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले प्रचलित कानुन बमोजिम क्षतिपूर्ति दिनुपर्नेछ।

(म) आयोजना निर्माण गर्दा अरू कुनै आयोजना वा भौतिक संरचना, व्यक्ति वा जमिनलाई प्रभाव पर्ने भएमा प्रचलित कानुन बमोजिम क्षतिपूर्ति दिनुपर्नेछ ।

(य) आयोजनाको निर्माण तथा सञ्चालनको लागि आवश्यक पर्ने निजी जग्गा सम्बन्धित जग्गा धनीहरूसँग खरिद गरी प्रर्वद्धक कम्पनीको नाममा दर्ता गर्नुपर्नेछ। सोको अद्यावधिक जानकारी विद्युत विकास विभागमा दिनु पर्नेछ । आयोजनाको लागि खरिद भएको जग्गा बिक्री वितरण गर्न पाइने छैन ।

(र) स्वीकृत IEE प्रतिवेदनमा निर्माणको चरणमा निर्माण व्यवसायीले पालना गर्नुपर्ने भनि उल्लेख भएका सम्पुर्ण कार्यहरू र सो कार्यको पालना नहुंदा निर्माण व्यवसायीको दायित्व समेत स्पष्ट खुल्ने गरि निर्माणको ठेक्का सम्झौता गर्नु पर्नेछ । सो अनुसार भएको ठेक्का सम्झौताको प्रति ठेक्कासम्झौता भएको १ (एक) महिना भित्र विभागमा पेश गर्नु पर्नेछ । स्वीकृत IEE प्रतिवेदनमा पालना गर्नुपर्ने भनि उल्लेख भएको शर्तहरू कार्यन्वयन गर्ने जिम्मेवारी त्यस संस्थाको हुनेछ।

(ल) विद्युत ऐन, २०४९ को दफा ३३(२) बमोजिम अनुमतिपत्र प्राप्त संस्थालाई आयोजना प्रयोजनका लागि आवश्यक जग्गा प्राप्त गराई दिन वा लिजमा उपलब्ध गराउन नेपाल सरकारले आवश्यक सहयोग गर्नेछ ।

(व) आयोजनाबाट प्रभावित जिल्लाका समुदाय र व्यक्तिहरूले आयोजनामा शेयर लगानी गर्न चाहेमा आयोजनाको स्वपुंजीको बढीमा १० (दश) प्रतिशत सम्म शेयर परल मूल्य (Face Value) मा दिने व्यवस्था गर्नु पर्नेछ। त्यस संस्थाले साधारण शेयर र हकप्रद शेयर निश्कासन गर्ने क्रममा विद्युत विकास विभागबाट पूर्व स्वीकृति लिनुपर्नेछ ।

(श) यस अनुमतिपत्रको प्रकरण ५ (पाँच) मा उल्लेख भएका प्रत्येक संरचनाहरूको निर्माण कार्य सम्पन्न हुनु अगावै अनिवार्य रूपमा विद्युत विकास विभागलाई पूर्व जानकारी गराउनु पर्नेछ । विभागले सो कार्यको स्थलगत अनुगमन र निरीक्षणको लागि आफनो प्राविधिक कर्मचारीहरू खटाउनसक्नेछ ।

(ष) दैवीप्रकोप लगायत Force Majeure का अवस्थाहरूमा बाहेक आयोजना Shutdown गर्नुपर्ने अवस्थामा Downstream मा रहेका आयोजनाहरूमा असर पर्ने भएमा सोको क्षतिपूर्ति यस विभागको रोहवरमा प्रवर्धकले उक्त आयोजनाहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(स) नेपाल सरकारबाट स्वीकृत गरिएको "राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धि अवधारणा पत्र एवं कार्य योजना, २०७२" को दफा ६.१ (थ) बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको Community Support Program मा कम्तिमा आयोजनाको कूल लागतको ०.७५% रकम प्रवर्धकले विनियोजन गर्नुपर्नेछ। सो सम्बन्धी विस्तृत कार्यहरु स्थानीय निकायहरु संग छलफल गरी कार्य योजना सहित १ (एक) वर्ष भित्र विद्युत विकास विभागमा पेश गर्नुपर्नेछ र कार्ययोजनाको प्रगति प्रत्येक तिन महिनामा विद्युत विकास विभागमा पठाउनुपर्नेछ ।

(ह) आयोजना निर्माण पश्चात गरिने मरम्मत सम्भारको कार्य विद्युत विकास विभागद्वारा तयार गरिएको "Operation & Maintenance Guidelines for Hydropower Plants, Sub-stations and Transmission Lines"समेतलाई अङ्गीकार गरी गर्नुपर्नेछ।

(क्ष) नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभागको स्वीकृति विना यो अनुमतिपत्र कुनै प्रकारले बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

अनुमतिपत्र दिने अधिकारीको


सही :

नाम : मधु प्रसाद भेटुवाल

पद : महानिर्देशक

: विद्युत विकास विभाग

मिति : २०७५।११।२७




General Layout Nyadi-Phidi HPP